# स्थानीय राजपत्र


## पाँचखाल नगरपालिकाद्वारा प्रकाशित

**खण्ड १०) (सङ्ख्या १ बैशाख १७ गते, २०८३ साल**


## भाग २

## पाँचखाल नगरपालिका

### पाँचखाल नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## सम्वत् २०८३ सालको कार्यविधि नं. १

**प्रस्तावना :** मानव बेचबिखन तथा ओसारपसार जस्तो गम्भीर सामाजिक अपराध (नियन्त्रण), रोकथाम, पीडितको उद्धार, संरक्षण, पुन:स्थापना तथा पुन:एकीकरण कार्यलाई प्रभावकारी बनाउन तथा नगरपालिका स्तरमा आवश्यक संरचना स्थापना गरी कार्यक्रम

सञ्चालन गर्न आवश्यक भएकोले, नेपालको संविधानको धारा २२३ अर्न्तगत तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११, दफा १४ र दफा १०२ बमोजिम प्राप्त अधिकार प्रयोग गरी पाँचखाल नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद - १
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

**१.१ नाम :** यो कार्यविधिको नाम "मानव बेचबिखन तथा ओसारपसार ( नियन्त्रण) कार्यक्रम सञ्चालन कार्यविधि २०८२" रहने छ।

**१.२ प्रारम्भ** : यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

### २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क)"प्रमुख" भन्नाले पाँचखाल नगरपालिकाको प्रमुख सम्झनु पर्दछ।

(ख) "अल्पकालिन सेवा केन्द्र भन्नाले घरेलु हिंसा, लैङ्गिक हिंसा तथा बेचबिखनबाट पीडित र प्रभावितहरुका लागि तत्काल संरक्षण गरी परिवार,समुदायमा पुनःस्थापना, पुनःमिलन नहुन्जेल एकीकृत सेवा प्रदान गर्ने उद्देश्यले संघीय सरकार, प्रदेश सरकार, गैरसरकारी संस्था, स्थानीय तह वा अन्य साझेदारको सहयोगमा सञ्चालन गर्ने गरी स्थापना गरिएको सेवा केन्द्रलाई सम्झनु पर्दछ ।

(ग) "आकस्मिक कोष" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७० बमोजिम पीडित तथा प्रभावितहरुका लागि सहयोगार्थ बनाइएको कोष सम्झनु पर्दछ।

(घ) "उपसमिति" भन्नाले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) को लागि नगर समिति वा वडा समितिले गठन गर्ने उपसमितिलाई सम्झनु पर्दछ।

(ङ)“उपप्रमुख”भन्नाले नगरपालिकाको उपप्रमुख सम्झनु पर्दछ ।

(च) “कार्यपालिका”भन्नाले नगर कार्यपालिका सम्झनु पर्दछ ।

(छ) “कार्यस्थल”भन्नाले श्रमजीवि महिला, पुरुष र अन्य लिङ्गीले काम गर्ने औपचारिक तथा अनौपचारिक स्थानलाई जनाउँदछ।

(ज)“नगरपालिका” भन्नाले संविधान बमोजिम स्थापना भएका नगरपालिका सम्झनु पर्दछ ।

(झ) “नगर सभा” भन्नाले संविधानको धारा २२३ को उपधारा (१) बमोजिमको नगर सभा सम्झनु पर्दछ ।

(ञ) “घरेलु हिंसा” भन्नाले घरेलु हिंसा, कसुर र सजाय ऐन २०६६ अन्तर्गतको घरेलु सम्बन्धभित्र हुने शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातनालाई सम्झनु पर्दछ ।

(ट)“तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस कार्यविधि अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(ठ) “प्रेषण” (रिफरल) भन्नाले पीडित तथा प्रभावितको तत्कालको आवश्यकताबारे लेखाजोखा वा विश्लेषण गरी निजको आवश्यकता बमोजिम बृहत् र सहयोगी सेवाहरूमा पहुँच दिलाउन वर्तमानमा निजलाई सामाजिक सेवा प्रदान गरिरहेको संस्थाले आफूले सेवा दिन नसकेको अवस्थामा अन्य निकाय वा संस्थामा पठाउने वा सिफारिस गर्ने कार्य वा प्रक्रियालाई सम्झनु पर्दछ।

(ड) “पीडित” भन्नाले मानव बेचबिखन तथा ओसारपसार, घरेलु हिंसा, लैङ्गिक हिंसाबाट प्रभावित व्यक्ति साथै जबरजस्ती श्रममा लगाइएको, यौन शोषण गरिएको वा अन्य किसिमले शोषण गरिएको व्यक्ति समेत सम्झनु पर्दछ।

(ढ) “मानव बेचबिखन तथा ओसारपसार” भन्नाले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा भएको व्यवस्था अनुसार किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने, वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले

कुनै प्रकारको ललाइफकाइ, प्रलोभनमा पारी, झुक्याइ जालसाज गरी, प्रपञ्च मिलाई, जबरजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी, कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफ्नो (नियन्त्रण) मा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रका कुनै एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने कार्यलाई सम्झनुपर्दछ ।

(ण)“योजना” भन्नाले आयोजना तथा कार्यक्रम समेतलाई जनाउँछ।

(त) “लैङ्गिक हिंसा” भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा कसैप्रति शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुर्‍याउने कार्य सम्झनु पर्दछ ।

(थ) “वडा” भन्नाले नगरपालिकाको वडा सम्झनु पर्दछ ।

(द) “वडा अध्यक्ष” भन्नाले वडाको अध्यक्ष सम्झनु पर्दछ ।

(ध) “वडा समिति” भन्नाले संविधानको धारा २२३ को उपधारा (४) बमोजिमको वडा समिति सम्झनु पर्दछ ।

(न) “सम्पर्क व्यक्ति” भन्नाले नगर कार्यपालिकाले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) सम्बन्धी कार्यको समन्वय र कार्यान्वयनका लागि खडा गरेको शाखाको जिम्मेवारी तोकी नियुक्त गरेको व्यक्तिलाई सम्झनु पर्दछ।

(प) “स्थानीय कानून” भन्नाले नगर कार्यपालिका र नगर सभाले बनाएको कानून सम्झनु पर्दछ ।

(फ) “स्थानीय समिति” भन्नाले पाँचखाल नगरपालिका मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) स्थानीय समिति सम्झनु पर्दछ ।

(ब) “श्रमजीवी” भन्नाले पारिश्रमिक लिई वा नलिई पूरा वा आंशिक समयमा रेस्टुरेन्ट, होटल, खाजा घर, मसाज पार्लर, इँटाभट्टा वा अन्य श्रमको क्षेत्रमा काम गर्ने कामदार (महिला, पुरुष र अन्य) सम्झनु पर्दछ ।

## परिच्छेद - २
## समिति गठन तथा संरचना

### ३. समन्वयको जिम्मेवारी

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयनको निम्ति आवश्यक समन्वयको दायित्व प्रमुख प्रशासकीय अधिकृतको हुने छ भने सम्पर्क शाखाको रुपमा महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा रहने छ । यसको लागि उक्त शाखाको एक कर्मचारीलाई सम्पर्क व्यक्तिको रुपमा जिम्मेवारी तोकिने छ ।

### ४. नगरस्तरीय मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) समिति

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) स्थानीय समिति सम्बन्धी व्यवस्था देहायबमोजिम हुने छ ।

४.१ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) का लागि नगरपालिकाका प्रमुखको संयोजकत्वमा अधिकतम १९ सदस्यीय मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) समिति देहायबमोजिम हुने छ

| | | |
|---|---|---|
| क) | संयोजक | नगर प्रमुख |
| ख) | सह संयोजक | नगर उपप्रमुख |
| ग) | सदस्य | प्रमुख, इलाका प्रहरी कार्यालय |
| घ) | सदस्य | समितिका संयोजकले तोकेको नगरपालिका भित्रका माध्यमिक विद्यालयका प्रधानाध्यापक, एक जना |
| ङ) | सदस्य | समितिका संयोजकले तोकेको नगरपालिका भित्रका युवा क्लबका एक महिलासहित दुई जना प्रतिनिधि |
| च) | सदस्य | समितिका संयोजकले तोकेको नगरपालिका स्तरीय बाल सञ्जालको संयोजक |
| छ) | सदस्य | नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख |
| ज) | सदस्य | नगरपालिकाको रोजगार शाखा प्रमुख |

| | | |
|---|---|---|
| झ) | सदस्य | नगरपालिकाको शिक्षा शाखा प्रमुख |
| ञ) | सदस्य | पत्रकार महासंघ, जिल्ला शाखाको प्रमुख वा प्रतिनिधि |
| ट) | सदस्य | नेपाल उद्योग वाणिज्य संघ, जिल्ला शाखाको प्रमुख एवम् प्रतिनिधि |
| ठ) | सदस्य | महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सञ्जालकी अध्यक्ष |
| ड) | सदस्य | संयोजकले तोकेको मानव बेचबिखन तथा ओसारपसार विरुद्धमा नगरपालिकाभित्र काम गर्ने गैससका प्रतिनिधि एक महिला सहित दुई जना |
| ढ) | सदस्य | संयोजकले तोकेको मानव बेचबिखनका तथा ओसारपसारबाट पीडित प्रभावित व्यक्ति वा मानव बेचबिखन तथा ओसारपसारबाट पीडित व्यक्तिको प्रतिनिधित्व गर्न सक्ने मान्यता प्राप्त संस्थाको प्रतिनिधि एक जना |
| (ण) | सदस्य सचिव | प्रमुख, महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा |
| (त) | आमन्त्रित सदस्य | प्रमुख प्रशासकीय अधिकृत |
| (थ) | आमन्त्रित सदस्य | इलाका प्रहरी कार्यालय, महिला बालबालिका सेवा केन्द्रकी महिला प्रतिनिधि, एक जना |

४.२ समितिमा विभिन्न क्षेत्रबाट मनोनयन गर्नुपर्ने सदस्यहरू समितिका संयोजकले मनोनयन गर्ने छन् ।

४.३ आवश्यकतानुसार अन्य संघ, संस्था एवम पेशागत संगठनका प्रतिनिधि तथा सक्रिय व्यक्तिहरूलाई समितिको बैठकमा आमन्त्रित सदस्यका रूपमा सहभागी गराउन सकिने छ ।

४.४ स्थानीय समितिका पदाधिकारीहरूको कार्यकाल पाँच वर्षको हुने छ । तर स्थानीय समितिका कुनै पनि सदस्य मनोनित हुदाँ बहाल रहेको सम्बन्धित पदमा कुनै कारणवश नरहेमा निज स्वतः समितिका सदस्य रहने छैनन् र सो पदको यथाशीघ्र

पदपूर्ति गरिने छ। यद्यपि त्यस्तो पदपूर्ति नभएकै कारण समितिको काम कारबाहीमा बाधा पुग्ने छैन ।

## ५. वडा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) समिति

५.१ नगरपालिकाका सबै वडाहरूमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) गर्नका लागि देहाय बमोजिमको कम्तीमा ११ र अधिकतम १५ सदस्यीय वडा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) समिति रहने छ ।

| | | |
|---|---|---|
| क) | संयोजक | वडा अध्यक्ष |
| ख) | सदस्य | वडा स्तरीय महिला सञ्जालको अध्यक्ष |
| ग) | सदस्य | संयोजकले तोकेको प्रतिनिधि सीमान्तकृत तथा दलित समुदायबाट एक जना |
| घ) | सदस्य | संयोजकले तोकेका प्रतिनिधि महिला समूह वा किशोरी समूहबाट एक जना |
| ङ) | सदस्य | संयोजकले तोकेका प्रतिनिधि वडा स्तरीय बाल क्लबबाट एक जना |
| च) | सदस्य | संयोजकले तोकेको प्रतिनिधि माध्यमिक विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट एक जना |
| छ) | सदस्य | स्थानीय स्वास्थ्य सेवा केन्द्र प्रमुख |
| ज) | सदस्य | स्थानीय तहमा मानव बेचबिखन विरुद्ध कार्यरत संस्थाका प्रतिनिधि एक जना |
| झ) | सदस्य | स्थानीय प्रहरी कार्यालयका प्रमुख वा प्रतिनिधि एक जना |

| | | |
|---|---|---|
| ञ) | सदस्य | संयोजकले तोकेको मानव बेचबिखन तथा ओसारपसारबाट पीडित प्रभावित व्यक्ति वा मानव बेचबिखन तथा ओसारपसारबाट पीडित व्यक्तिको प्रतिनिधित्व गर्न सक्ने मान्यता प्राप्त संस्थाको प्रतिनिधि एक जना |
| ट) | सदस्य सचिव | वडा कार्यालयका सचिव |
| ठ | पदेन सदस्य | वडाका निर्वाचित सदस्यहरु सबै |

५.२ समितिको संयोजकले वडामा रहेको राष्ट्रिय मान्यता प्राप्त दलका प्रमुख एवम् प्रतिनिधिलाई समितिको आमन्त्रित सदस्यमा मनोनित गर्न सक्ने छन् ।

५.३ वडा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) समितिका पदाधिकारीहरूको कार्यकाल पाँच वर्षको हुने छ । तर स्थानीय समितिका कुनै पनि सदस्य मनोनित हुदाँ बहाल रहेको सम्बन्धित पदमा कुनै कारणवश नरहेमा निज स्वत: समितिका सदस्य रहने छैनन् र सो पदको यथाशीघ्र पदपूर्ति गरिने छ । यद्यपि त्यस्तो पदपूर्ति नभएकै कारण समितिको काम कारबाहीमा बाधा पुग्ने छैन ।

## परिच्छेद - ३
## समितिको काम, कर्तव्य र अधिकार

### ६. स्थानीय मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) समितिको काम, कर्तव्य र अधिकार

नगर मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छन् :

(क) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) को क्षेत्रमा स्थानीय आवश्यकता पहिल्याई, प्राथमिकीकरण गरी संघीय तथा प्रदेश सरकार एवम् निकाय र स्थानीय सरकारका विभिन्न निकायहरूका साथै विकासका साझेदार संस्थाहरू

तथा गैरसरकारी संस्थाहरूको समन्वयमा समुदायमा आधारित कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गर्न गराउन आवश्यक समन्वय गर्ने, मानव बेचबिखन (नियन्त्रण) सँग सम्बन्धित योजना तर्जुमा, कार्यक्रमको रेखदेख, अनुगमन, मुल्याङ्कन र निरीक्षण गर्ने ।

(ख) नगरपालिकाभित्रका महिला तथा जोखिममा रहेका बालबालिकाको उद्धार, पुनःस्थापना जोखिम परिस्थितिमा रहेका समूह/समुदायको तथ्यांक संकलन र अद्यावधिक गर्ने तथा अभिलेख दुरूस्त राख्ने कार्य गर्ने गराउने ।

(ग) नगरपालिकाभित्र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) को क्षेत्रमा कार्यरत संघसंस्था, महिला सञ्जाल, बालअधिकार सञ्जाल, आपतकालीन बाल संरक्षण केन्द्र लगायतका निकायहरूको विवरण तयार पार्ने र यस्ता निकायहरूसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गरी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) का कार्यहरू गर्ने गराउने ।

(घ) नगरपालिकाभित्र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) मा क्रियाशील सामाजिक कार्यकर्ता, गैरसरकारी संघसंस्था, अन्य निकाय तथा समुदायहरूलाई प्रोत्साहन तथा सहयोग गर्ने ।

(ङ) नगरपालिकाभित्र सञ्चालित संरक्षण/सुरक्षा गृह, आपत्कालीन संरक्षण केन्द्र तथा पुनःस्थापना केन्द्र लगायतको निरीक्षण, अनुगमन गरी मापदण्ड अनुरूप सञ्चालन गर्न गराउन आवश्यक सुझाव दिने ।

(च) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) का लागि आम सचेतना अभिवृद्धि, जागरण अभियान सञ्चालन गर्ने ।

(छ) मानव बेचबिखन तथा ओसारपसार विरूद्ध विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय दिवसहरू महिला, बालबालिका तथा सबै सरोकारवालाहरूको सहभागिता, समन्वय तथा सहकार्यमा मनाउने ।

(ज) नगरपालिकाभित्र महिला विरूद्ध हुने हिंसा, सानो उमेरमा हुने विवाह, असुरक्षित वैदेशिक रोजगार, यौन शोषण तथा दुर्व्यवहार, एवम् बालश्रम निवारणका निम्ति अनुगमन, सरोकारवालासँग समन्वय र सहकार्य गर्ने, बाबु आमा तथा संरक्षक नभएका बालबालिकाको वैकल्पिक संरक्षणको निम्ति आवश्यक कार्य गर्ने ।

(झ) मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूका निमित्त आकस्मिक सहयोग, उद्धार, राहत तथा संरक्षणका लागि स्रोत (आर्थिक, भौतिक तथा मानवीय) व्यवस्थापनका लागि अग्रसर रही विभिन्न तहमा समन्वय, सहकार्य गर्ने ।

(ञ) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) का सम्बन्धमा प्रदेश सरकारको सम्बन्धित निकाय वा सामाजिक विकास मन्त्रालय तथा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) राष्ट्रिय समितिसँग समन्वय गर्ने ।

(ट) विभिन्न निकाय तथा संस्थाहरूका गतिविधिमा बालअधिकार संवेदनशीलता तथा पीडितमैत्री पद्धतिको ख्याल गरी कार्य गर्न सम्बन्धित कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने ।

(ठ) वडा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) समितिलाई आवश्यक सहजीकरण र सहयोग गर्ने ।

(ड) बेचबिखन तथा ओसारपसार (नियन्त्रण) का लागि आवश्यक देखिएका अन्य निरोधात्मक कार्यहरू गर्ने ।

(ढ) समितिका बैठकका निर्णयहरूका अतिरिक्त समितिबाट सम्पन्न गरिएका सबै काम कारबाहीहरूको अभिलेख दुरूस्त र सुरक्षित राख्ने ।

(ण) मानव बेचबिखनबाट पीडितलाई कानूनी सहयोग, शिक्षा, स्वास्थ्य, आयआर्जन र जीविकोपार्जन तथा मनोसामाजिक सहायताको लागि कोषको स्थापना गरी खर्च गर्ने विधि बनाई लागु गर्ने ।

## ७. उप-समिति वा कार्यटोली गठन गर्न सक्ने :

स्थानीय समितिले आफूले गर्नुपर्ने मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी कुनै काम दुरुस्त रूपले गर्नको निमित्त सम्बन्धित विशेषज्ञ तथा सामाजिक कार्यकर्ताहरू समेत समावेश गरी काम कर्तव्य र अधिकार तथा कार्यविधि तोकी आवश्यकतानुसार उपसमिति वा कार्य टोली गठन गर्न सक्नेछ ।

## ८. वडा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) समितिको काम, कर्तव्य र अधिकार

वडा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छन् :

(क) वडामा जोखिम परिस्थितिमा रहेका समूह/समुदायको पहिचान गरी विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका सीमान्तकृत, महिला तथा बालबालिकाको तथ्याङ्क संकलन गर्ने, अद्यावधिक गर्ने र अभिलेख दुरूस्त राखी नगरपालिका मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) समितिमा पेश गर्ने ।

(ख) वडामा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) , महिला अधिकार र बालअधिकारको क्षेत्रमा कार्यरत संघ संस्था, महिला समूह, युवा क्लब, बाल क्लब लगायतका निकायहरूको विवरण तयार पार्ने र यस्ता निकायहरूसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गरी जनचेतनामूलक तथा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) का कार्यहरू गर्ने गराउने ।

(ग) मानव बेचबिखन (नियन्त्रण) का लागि विशेष गरी महिला तथा बालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी स्थानीय सरकारका विभिन्न निकायहरू र विकासका साझेदार संस्थासँगको समन्वयमा समुदायमा आधारित कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन

गराउन आवश्यक समन्वय गर्ने, महिला तथा बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यक्रमको रेखदेख, अनुगमन र मुल्याङ्कन गर्ने ।

(घ) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) का लागि चेतना अभिवृद्धि, जागरण अभियान सञ्चालन गर्ने, महिला अधिकार तथा बालबालिका सम्बन्धी दिवसहरू मनाउने ।

(ङ) स्थानीय संघसंस्थालाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) को क्षेत्रमा कार्य गर्न उत्प्रेरणा, समन्वय र साझेदारी गर्ने ।

(च) मानव बेचबिखन तथा ओसारपसारका सम्बन्धमा प्राप्त सूचना तथा उजुरीहरूको अभिलेख राखी सम्बन्धित निकायमा सिफारिस गरी पठाउने र पीडित/प्रभावितहरूको उद्धार,संरक्षण,राहत तथा पुनःस्थापनाका लागि समन्वयकारी भूमिका निर्वाह गर्ने तथा सो कार्यमा आवश्यक सहयोग गर्ने ।

(छ) वडाको योजना निर्माण तथा स्रोत विनियोजनको क्रममा तथ्यमा आधारित भई जोखिम परिस्थितिमा रहेका महिला तथा बालबालिकाको विषयलाई प्राथमिकतामा राख्न तथा क्रियाकलापहरू तय र सञ्चालन गर्न वडा समितिलाई सहयोग गर्ने ।

(ज) वडामा जोखिम परिस्थितिमा रहेका महिला तथा बालबालिकाका लागि अन्य आवश्यक देखिएका कार्य गर्नुका साथै वडामा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) सम्बन्धी सम्पन्न कार्यक्रम कार्यान्वयनको प्रगति नगरपालिकामा पेश गर्ने ।

(झ) स्थानीय समितिसँग आवश्यक समन्वय गर्ने र विशेष संरक्षणका आवश्यकता भएका बेचबिखन तथा ओसारपसारबाट पीडितलाई उद्दार, संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापनाका लागि नगरपालिकामा स्थापित पुनःस्थापना कोषबाट सहयोग प्रदान गर्नका लागि सिफारिस गर्ने ।

(ञ) ऐन तथा नियमावली बमोजिम उद्धार गरिएका व्यक्तिको परिचय खुल्ने आधिकारिक कागजात नभएमा त्यस्ता कागजात बनाउनका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(ट) समितिका बैठकका निर्णयहरूका अतिरिक्त समितिबाट सम्पन्न गरिएका सबै काम कारबाहीहरूको अभिलेख दुरूस्त र सुरक्षित राख्ने ।

(ठ) समितिका सदस्यहरूको परिचय खुल्ने कागजात व्यवस्था गर्ने ।

## परिच्छेद - ४

## बैठकसम्बन्धी व्यवस्था

**९. स्थानीय समितिको बैठकसम्बन्धी कार्यविधि :**

(क) समितिका संयोजकले तोकेको मिति, समय र स्थानमा प्रत्येक चार महिनामा कम्तीमा एक पटक (चौमासिक रुपमा) समितिको बैठक बस्ने छ भने जरुरी भएमा जुनसुकै बेला पनि बस्न सक्ने छ ।

(ख) स्थानीय समितिको कुल सदस्य सङ्ख्याको तत्काल कायम रहेको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिने छ ।

(ग) समितिको बैठक संयोजकको अध्यक्षतामा बस्ने छ र संयोजकको अनुपस्थिति रहेमा उपसंयोजकले बैठकको अध्यक्षता गर्ने छन् ।

(घ) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुने छ ।

## १०. वडा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) समितिको बैठकसम्बन्धी कार्यविधि :

क) वडा समितिको बैठक प्रत्येक दुई महिनामा कम्तीमा एक पटक बस्ने छ । तर आवश्यकता परेमा जुनसुकै बेला पनि बस्न सक्ने छ । बैठकमा आवश्यकतानुसार विषय विज्ञलाई पनि आमन्त्रण गर्न सकिने छ ।

ख) समितिको कुल सदस्य सङ्ख्याको तत्काल कायम रहेको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिने छ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिने छ ।

## परिच्छेद - ५
## प्रेषण (रिफरल) तथा संरक्षण

## ११. प्रेषणको व्यवस्था

यस नगरपालिका भित्रका नागरिकहरु मानव बेचबिखनबाट पीडित तथा प्रभावित भई उद्धार र फिर्तीदेखि परिवार र समुदायमा पुनःएकीकरण सम्मका चरणहरूमा अत्यावश्यक सेवा प्रदान गर्दा प्रेषण संयन्त्रको माध्यमबाट मानव अधिकारमा आधरित भई सेवा प्रदान गरिने छ। यस प्रकारको सेवाहरू (आवास, लत्ताकपडा, मनोपरामर्श, स्वास्थ्य सेवा, कानूनी सहयोग र दीर्घकालीन सुरक्षाका लागि समेत) का लागि समितिको समन्वयमा महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाले सम्बन्धित क्षेत्रका सरोकारवालाहरुसँग सम्पर्क गरी प्रेषण (रिफरल) गर्ने छ । जसका लागि

११.१ सेवा प्रदायकहरुको सेवा विवरण र आधिकारिक मान्यता प्राप्त व्यक्ति तथा सम्पर्कको सूची तयार गरी राख्ने ।

११.२ राष्ट्रिय स्तरमा नेपाल सरकारद्वारा स्थापित पुनर्स्थापना कोष, वैदेशिक रोजगार कोष लगायतका सामाजिक सुरक्षासम्बन्धी कोषहरू, प्रदेश, जिल्ला तथा स्थानीय तहमा सम्बन्धित सरकारले स्थापना गरेका सामाजिक

संरक्षण/सुरक्षा कोषहरूमा पहुँच पुऱ्याउनुका साथै मानव बेचबिखन ( नियन्त्रण) का लागि कार्यरत संघसंस्था र साझेदारहरूसँग सहकार्य गरी दिगो स्रोतको व्यवस्थापन गर्ने ।

११.३ पीडित, प्रभावितलाई लक्षित गरी सामाजिक सेवा प्रदान गर्ने सबै सरोकारवाला सरकारी निकाय, गैरसरकारी संस्था एवम् निजी क्षेत्रका प्रतिनिधिहरूको बैठक भेलाहरू आवधिक रूपमा आयोजना गरी पीडित, प्रभावितको उद्धार, फिर्ती सेवा लगायत बेचबिखन (नियन्त्रण) बारे भइरहेका प्रयासहरूबारे समीक्षा गर्ने,

११.४ आफ्नो तह र क्षेत्रमा बेचबिखनमा परेका व्यक्तिहरूलाई अत्यावश्यक सेवा सुविधाहरू प्रवाह गर्ने सबै सरकारी निकाय एवम् गैरसरकारी संस्थाहरूको विवरण अद्यावधिक राख्ने,

११.५ आफ्नो तह र क्षेत्रमा प्रेषण प्रणालीका लागि स्तरीय विधि तथा फारामहरू तयार पारी एक निश्चित कार्यपद्धतिको अवलम्बन गर्ने,

११.६ प्रेषण प्रक्रियाका क्रममा पीडित तथा प्रभावित व्यक्तिको व्यक्तिगत विवरण अभिलेख तथा जानकारी पूर्णरुपमा गोप्य राख्ने ।

## परिच्छेद - ६
## कार्यक्रम सञ्चालन

### १२ कार्यक्रमहरु

**१२.१. कार्यक्षेत्र** :

यो कार्यविधि पाँचखाल नगरपालिकाभित्र सञ्चालन हुने मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) का सबै चरणका कार्यक्रमहरु जस्तै रोकथाम, उद्धार, पुनर्स्थापना, पुर्नमिलन र पुनएकीकरण सम्बन्धी कार्यक्रमहरुमा लागु हुने छ भने यसलाई कार्यक्रमको न्यूनतम मापदण्डको रुपमा पनि प्रयोग गर्न सकिने छ ।

## १२.२. कार्यक्रमका मुख्य पक्षहरुः

### क) रोकथाम तथा सचेतना

- विद्यालय, समुदाय र श्रमिक समूहमा सचेतनामूलक कार्यक्रम सञ्चालन,
- सुरक्षित वैदेशिक रोजगारी र बालबिवाहसँग सम्बन्धित अभिमुखीकरण संचालन,
- सूचना सामग्री (पोस्टर, पम्पलेट, रेडियो कार्यक्रम) प्रकाशन/प्रसारण,
- जोखिम क्षेत्रको नक्साङ्कन तथा तथ्याङ्क अद्यावधिक र जोखिम समूह पहिचान,
- जोखिम अवस्थाका समुदायलई शिक्षा तथा आयआर्जन र सिप विकास कार्यक्रम र सामुदायिक सुरक्षा प्रणालीको स्थापना ।

### (ख) उद्धार तथा संरक्षण

- मानव बेचबिखन भएको भन्ने निवेदन प्राप्त भएपछि सम्बन्धित निकायसँग समन्वय गरी उद्धार, फिर्ती, पुर्नस्थापना र न्यायिक प्रक्रियामा सहयोग,
- अल्पकालीन तथा दिर्घकालीन आश्रय सेवाकेन्द्र, स्वास्थ्य सेवा र मनोसामाजिक परामर्शको व्यवस्था, कानूनी सहयोग, शिक्षा र उद्यमशीलतामा सहयोग, गोपनीयता र सुरक्षा सुनिश्चितता ।

### (ग) पुनर्स्थापना तथा पुनःएकीकरण

- सिपमूलक तालिम तथा जीविकोपार्जनमा सहयोग,
- शिक्षा तथा रोजगारीमा पुनःसमावेश ,
- पारिवारिक तथा सामाजिक विकासमा सहयोग,
- परिवारमा पुर्नस्थापना र समुदायसँग पुनः एकीकरण ।

### (घ) समन्वय तथा सहकार्य

- जिल्ला/स्थानीय मानव बेचबिखन (नियन्त्रण) समितिसँग समन्वय,
- प्रहरी, महिला तथा बालबालिका सेवा केन्द्र, अदालत, गैरसरकारी संस्था र मिडियासँग सहकार्य
- नियमित समन्वय बैठक र समीक्षाका साथै योजना तर्जुमा ।

## १२.३. कार्यक्रम सञ्चालन प्रक्रिया

- वार्षिक योजना तथा बजेट विनियोजन,
- जोखिम क्षेत्र तथा लक्षित समूह पहिचान,
- गतिविधि कार्यतालिका तयार गरी कार्यान्वयन,
- सरोकारवालासँग नियमित समन्वय,
- प्रगति प्रतिवेदन तयार गरी सार्वजनीकरण ।

## १२.४. अनुगमन तथा मूल्याङ्कन

- त्रैमासिक प्रगति समीक्षा सूचकहरू (जस्तैः सचेतना कार्यक्रम सङ्ख्या, उद्धार सङ्ख्या, पुनर्स्थापना दर) निर्धारण,
- वार्षिक मूल्याङ्कन तथा सिकाइ आदानप्रदान ।

## १२.५. वित्तीय व्यवस्था

- स्थानीय तहको वार्षिक बजेट,
- संघ/प्रदेश सरकारको अनुदान,
- विकास साझेदार/संस्थागत सहयोग,
- खर्च पारदर्शिता तथा लेखापरीक्षण व्यवस्था ।

## १२.६. दायित्व तथा जिम्मेवारी

- स्थानीय तहः नीति निर्माण, बजेट व्यवस्थापन, समन्वय,
- प्रहरीः अनुसन्धान तथा कानूनी कारबाही,
- स्वास्थ्य संस्थाः स्वास्थ्य सेवा प्रदान,

- गैरसरकारी संस्थाः पुनर्स्थापना तथा परामर्श सेवा,
- समुदाय/मिडियाः सचेतना र सूचना प्रवाह,
- नगरपालिकाले तर्जुमा गरेको नीतिको व्यवस्थालाई क्रमिक रुपमा कार्यान्वयन गर्दै लगिने छ ।

## परिच्छेद - ७
## विविध

**१३. आधार नीति :** नगर कार्यपालिकाले तर्जुमा गरी पारित गरेको **मानव बेचबिखन तथा ओसारपसार विरुद्धको नीति २०८२** यस कार्यविधिको आधार स्तम्भ रहने छ भने नीतिको कार्यान्वयनमा कार्यविधिले संयोजन गर्ने छ ।

**१४ आचारसंहिता :** नगरपालिकाले जारी गरेको मापदण्डनुरूपको आचारसंहितामा नगर मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) समिति, वडा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) समितिका प्रत्येक पदाधिकारीले लिखित सहमति जनाई सोको पालना गर्नुपर्ने छ ।

**१५. समितिका सदस्यहरूको परिचय पत्र :** नगर मानव बेचबिखन तथा ओसारपसार ( नियन्त्रण) समितिका सदस्यहरूका लागि स्थानीय समितिले तथा वडा स्तरका समितिका लागि वडा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) समितिले पदाधिकारीको बहाल रहने अवधि स्पष्ट उल्लेख हुने गरी परिचय पत्र जारी गर्न सक्ने छ र निजहरूको विवरण सुरक्षित राखिने छ ।

**१६. कार्यविधिको व्याख्या वा बाधा अड्काउ फुकाउ :** यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै दुविधा वा बाधा उत्पन्न भएमा सोको व्याख्या गर्ने सम्पूर्ण अधिकार कार्यपालिकामा निहित रहने छ । यस कार्यविधिमा उल्लेखित विषय संघीय सरकार र बागमती प्रदेश

सरकारले बनाएको कानून र अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने छ ।

**१७. संशोधन :** कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सकिने छ ।

आज्ञाले,
पुरुषोत्तम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत